# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं : २०७७।०७८
च.नं. : ४२१

मितिः २०७७/०६/२७

विषयः जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय(सबै),
बेलकोटगढी नगरपालिका ।

वडाबाट संचालन हुने प्रायः योजनाहरु कार्यान्वयन गर्नको लागि उपभोक्ता समितिहरु गठन गर्नु पर्ने हुन्छ । चालु आ.व.को तीन महिना वितिसक्दा पनि योजनाहरुको संख्याको अनुपातमा उपभोक्ता समितिहरु गठन भई सम्झौताको लागि यस कार्यालयमा आएको दर न्युन मात्र देखिएको हुँदा गत आ.व.मा झै यस आ.व. मा समेत आर्थिक वर्षको अन्त्यतिर योजना कार्यान्वयनको दवाव पर्ने देखिन्छ । तसर्थ, आर्थिक वर्षको अन्त्यमा योजना कार्यान्वयनको दवाव कम गर्न उपभोक्ता समितिहरु समयमा नै गठन गर्ने र योजना सम्झौता समेत समयमा गर्नुपर्ने देखिन्छ । यस कुरालाई मध्यनजर गर्दै नगरपालिकाको मिति २०७७ आश्विन २७ को निर्णयानुसार यहि मंसिर मसान्तभित्र उपभोक्ता समिति गठन गरी पौष मसान्तसम्म योजना सम्झौता गर्नुहुन जानकारी गराइन्छ । साथै, उल्लेखित समय पश्चात सम्झौता गर्न आएका निवेदन उपर कारवाही गर्न कार्यालय बाध्य हुने छैन भन्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७७।०६।२८

(शिवराम अधिकारी)
अधिकृत
अधिकृतस्तर सातौं

शिवराम अधिकारी
अधिकृत (सातौं)

वोधार्थः
*श्री पुर्वाधार विकास शाखा- आवश्यक जानकारीको लागि ।*
*श्री सूचना प्रविधि अधिकृत- प्रत्येक वडामा मेल गर्नुहुन ।*